**कार्यपालिका बैठक सख्या- ११** मितिः- २०८०।१२।३०

**प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं.१-** कानून स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं.१-** विजयनगर गाउँपालिकाको **बाल कोष स्थापना र सञ्चालन कार्यविधि, २०८०** स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२-** योजना माग गर्ने सम्बन्धमा ।

**निर्णय नं.२-** लुम्बिनी प्रदेश सरकार, अर्थ मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ नेपालको मिति २०८०।१२।२६ गतेको सूचना अनुसार आगामि आ.व.२०८१।०८२ का लागि समपूरक अनुदान तर्फ यस गाउँपालिकाबाट ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१. गणेशपुर ढोडरी खुरुहुरिया प्रेमनगर सडक स्तरोन्नती वडा नं.७ ।

२. छुटपाटी थरौली बनखेत नयाँवस्ती जवावैराठ सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं. १ र ६ ।

३. जोगिनिया देखि सिसवा हुदै दत्तपुर हुलाकी सम्म सडक स्तरोन्नती वडा नं.५ र ७ ।

**प्रस्ताव नः-३** निर्णय संसोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं.३ – (क)**विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०९।१९ गतेको बैठक सख्या ४ को निर्णय नं.५ क्र.सं. २ मा बुद्ध साना किसान कृषि सहकारी संस्था लि.विजयनगर-६, कपिलवस्तुलाई भ्रमण तथा अन्तरकृया कार्यक्रमका लागि मागमा आधारित साना पूर्वाधार कार्यक्रम शिर्षक बाट रु.१,००,०००।– (एक लाख रुपैयाँ मात्र) विनियोजन गरियकोमा भ्रमण तथा अन्तरकृयालाई संसोधन गरी कार्यालय व्यवस्थापन तथा अभिमुखिकरणका लागि सोहि शिर्षकबाट रु.२०,०००।– (बीस हजार रुपैयाँ मात्र) थप गरी जम्मा रु १,२०,०००।– (एक लाख बीस हजार रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४-** निजी जग्गाको माटोको रोयल्टी सम्बन्धमा ।

**निर्णय नं.४-** विजयनगर गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक तथा निजी जग्गाबाट माटो निकाल्ने प्रयोजनका लागि लुम्बिनी प्रदेश कानून तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा (६) बमोजिम रोयल्टी संकलन गर्ने तर मठ, मन्दिर, विद्यालय, मदरसा, स्वास्थ्य संस्था, सामुदायीक भवन, खेलमैदानहरुमा रु .५ लाख सम्मको माटो पटान गर्दा प्राविधिक लागत अनुमानका आधारमा सम्बन्धित वडा कर्यालयले रोयल्टी छुटको सिफारिस दिई माटो निकाल्न अनुमति दिन सक्ने भनि निर्णय गरियो ।

**प्रस्ताव नं.५-** नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.५-** विजयनगर गाउँपालिका क्षेत्रभित्र संचालित संघिय, प्रदेशिक तथा गाउँपालिका स्तरिय योजनाहरुमा तोकिएको मापदण्ड बमोजिमको गुणस्तरिय नदि पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट) आदिको अभाव भएको भन्ने उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको गुनासोका कारण योजना समयमा सम्पन्न गरी पुँजिगत खर्चमा वृद्धि गर्न नसकिएको तथा योजनाको भुक्तानीको लागि स्रोतको अभाव हुन नदिन दुई पटक सम्म ठेक्का व्यवस्थापनको सूचना गर्दा पनि ठेक्का नलागेको तर यस क्षेत्रमा निर्माणाधिन हुलाकि राजमार्गबाट पनि पत्र प्राप्त भएको सन्दर्भमा प्रचलित कानून बमोजिमको अवधिमा उत्खनन्, संकलन तथा विक्री गर्न सक्ने परिमाण एकिन पश्चात आवश्यक परेको खण्डमा मेशिनरी औजार समेत प्रयोग गर्न सक्ने गरी सम्बन्धित निकायहरु संग समन्वयमा इच्छुक निर्माण व्यवसायीहरु संग सम्झौता गरी नदिजन्य पदार्थ संकलन, व्यवस्थापन तथा विक्रीको सम्झौता गर्ने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ११ को निर्णय प्रमाणित गर्दछु

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८०।०८१

मितिः- २०८०।१२।३०

## कार्यपालिका बैठक सख्या- ११

**प्रस्ताव नं.६-** विविध सम्बन्धमा ।

**निर्णय नं.६:-**निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति / योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खुल्ला जिम प्रयोगशाला निर्माण | विजयनगर-६, प्रेमनगर | जिम तथा प्रयोगशाला निर्माण | रु. ३,००,०००।– (तिन लाख रुपैया मात्र ) | मागमा आधारित साना पुर्वाधार कार्यक्रम | |
| २ | वडा नं.७ को कार्यालय | विजयनगर गाउँपालिका | खेलकुद सामाग्री तथा खेल पोसाक खरिद तथा वितरण | रु. ५०,०००।– (पचास हजार रुपैया मात्र ) | खेलकुद सहयोग कार्यक्रम | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा–२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ...११... को निर्णय प्रमाणित गर्दछु

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका